# वनस्पति स्रोत
## समाचार पत्र
### वनस्पति विभागको प्रकाशन

वि.सं. २०७४ असार/July 2017 वर्ष २० अंक ४


## वनस्पति दिवस २०७३

वनस्पति विभागको ५७ औं वार्षिकोत्सव तथा १८ औं वनस्पति दिवसमा वन तथा भू-संरक्षण मन्त्री श्री शंकर भण्डारीज्यूको प्रमुख आतिथ्यमा र वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमाज्यूको सभापतित्वमा २०७३ चैत २९ गते एक समारोह आयोजना गरी वनस्पति विभागमा मनाइयो । उक्त




कार्यक्रममा राष्ट्रिय वनस्पति पुरस्कार २०७३ द्वारा त्रिभुवन विश्वविद्यालय वनस्पति शास्त्र केन्द्रीय विभागका पूर्व प्रमुख तथा नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानका प्राज्ञ प्रा.डा. प्रमोद कुमार झालाई सम्मान गरियो । उक्त पुरस्कारको राशी रू. १,००,०००/- (एक लाख) रहेको छ । वन, वनस्पति तथा वातावरण सम्बन्धी सरकारी निकायका वर्तमान तथा पूर्व पदाधिकारी, संघसंस्थाहरूका प्रमुखहरू तथा विश्वविद्यालयका प्राध्यापकहरू लगायत अन्य निकायका बैज्ञानिक तथा संरक्षणविद्को उपस्थिति रहेको उक्त समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै वनस्पति विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णले जैविक विविधताको धनी देश नेपालमा वनस्पतिको अनुसन्धान, अन्वेषण र पहिचानद्वारा महत्वपूर्ण उपलब्धी हासिल गर्न सकिने सम्भावना रहेको विचार व्यक्त गर्नु भयो । संसारका २०० भन्दा बढी देशहरूमा ३५०० भन्दा बढी हर्वेरियमहरूको छाता संगठन, इन्डेक्स हर्वेरियम/Index Herbarium/IH) को पछिल्लो मूल्याङ्कन अनुसार नेपालको सबैभन्दा पुरानो र ठूलो हर्वेरियम राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला, गोदावरी, ललितपुरले आफ्नो नवीन सोचयुक्त क्रियाकलाप र प्रकाशनहरूबाट यसको मत संख्या १ बाट २ मा बढाएको छ, जुन सूचना १० औं International Botanical Congress, China 2017 मा प्रस्तुत हुनेछ भन्ने जानकारी समेत डा. कर्णले दिनुभयो । उहाँले यस विभागको प्रयोगशालाले ISO 17025/2005 Accreditation को प्रमाण पत्र प्राप्त गरेकोले प्रशोधित जडीबुटीको निकासी गर्दा आवश्यक प्रमाणीकरण सहज भएको जानकारी दिनुभयो ।

"**वानस्पतिक विविधता, अमूल्य सम्पदा**" भन्ने नाराका साथ मनाइएको उक्त समारोहमा Journal of Plant Resources र "नेपालका लौठसल्ला" नामक पुस्तकहरू लोकार्पण गरियो । उक्त अवसरमा मा. वन तथा भू-संरक्षण मन्त्रीले आवश्यक साधन श्रोत व्यवस्था गरी वनस्पति र महत्वपूर्ण जडीबुटीको अध्ययन, अनुसन्धान र दीगो उपयोगमा प्रभावकारिता ल्याउन सकिने विचार व्यक्त गर्नुभयो साथै वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमाज्यूले नेपाल फ्लोरा प्रकाशनमा तत्परता ल्याउनु पर्ने र वनस्पति उद्यानहरूको स्तरोन्नति गरिनुपर्नेमा जोड दिनुभयो । अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई समेत कदर पत्र प्रदान गरिएको उक्त कार्यक्रममा पूर्व र वर्तमान कर्मचारीहरूलाई सम्मान पत्र प्रदान गरिएको थियो ।

## राष्ट्रिय वनस्पति पुरस्कार २०७३ द्वारा सम्मानित व्यक्तित्व प्रा.डा. प्रमोद कुमार झा

प्रा.डा. प्रमोद कुमार झा नेपाल र अन्तर्राष्ट्रिय वानस्पतिक विज्ञान जगतमा सुपरिचित नाम हो । सन् १९५३ अगस्त १५ का दिन महोत्तरी जिल्ला, सुन्धा, जलेश्वरमा जन्मिनु भएका प्रा.डा. झाले १९८२ मा जोधपुर विश्वविद्यालय, भारतबाट विद्यावारिधि (PhD) को उपाधि हासिल गर्नुभयो । सन् १९७६ मा त्रिभुवन विश्वविद्यालयमा अध्यापन कार्य प्रारम्भ गर्नुभएका प्रा.डा. झाले ४० वर्ष त्रिभुवन विश्व विद्यालयमा कार्यरत रहँदा प्राध्यापक एवं वनस्पति शास्त्र केन्द्रीय विभाग कीर्तिपुरको प्रमुखको पदमा पटक-पटक गरी करीब १० वर्षसम्म कायभार सम्हाली सक्नुभएको छ । हाल डा. झा सम्माननीय प्रधानमन्त्रीको




वन तथा भू-संरक्षण मन्त्रालय

**वनस्पति विभाग**

थापाथली, काठमाडौं, नेपाल, पो.ब.नं. २२७०

टेलिफोन: ४-२५११३९, ४-२५११६०, ४-२५११५९, ४-२५११७१, फ्याक्स: ९७७-१-४२५११४१

E-mail: info@dpr.gov.np, Website: www.dpr.gov.np

## सम्पादकीय...

'हरेक बोट विरुवामा औषध छ, हरेक अक्षरमा अर्थ छ' भन्ने पूर्वीय दर्शनको मान्यता छ । परापूर्वकालदेखि बोट विरुवाको पूजाआजा गर्नु र त्यसको प्रयोग औषधिको रुपमा गरिँदै आएको छ । बोट विरुवाको पूजाआजा गर्नुले अचम्मित पार्न सक्छ । पूजा यसकारणले गरिन्छ कि जुन बोट विरुवामा विज्ञान सम्मत आधार छ, शक्ति छ, जीवन उपयोगी छ, त्यसमा आस्था र विश्वास हुनु स्वभाविक हो । राम्रो पक्षमा आदरभाव गर्नु पूर्वीय दर्शनको मान्यता हो । त्यो नै पत्रम्, पुष्पम, फलम्, जलम् तोयम्को रुपमा पूजा हो । बोट विरुवामा जुन अन्तर्निहित औषधगुण छ, प्राचीन साहित्यहरूमा त्यसको महत्वको उल्लेख छ ।

मानव शरीरको उत्पत्तिसँगै रोगको पनि सँगै उत्पत्ति भएको हो । यसकारण मानव शरीरको इतिहाससँगै रोगको उत्पत्ति पनि जोडिएको छ । एलोपेथिक विज्ञानको विकास हुनु पूर्व मानवलाई रोगसँग जुध्नको लागि बोट विरुवामा भएको औषधगुणको सहारा लिने गर्दथे । समयको अन्तरालसँगै बोट विरुवामा रहेको गुणलाई मानिसले पुरातन ग्रन्थ ऋग्वेदमा लिपिवद्ध गरेका थिए । ऋग्वेदभन्दा पछि रचना भएको अथर्ववेदमा अझ बढी जडीबुटीहरूको वर्णन भएको पाइन्छ । जडीबुटीको प्रयोग र त्यसबाट रोगको निदानले आयुर्वेदलाई पाँचौं वेदको रुपमा मानिन्छ । आयुर्वेदको विकासमा महर्षि आत्रेय, धनवन्तरि, चरक एवम् सुश्रुतहरूको योगदान रहेको छ । सिकन्दर महान र यूनानका महान चिकित्सक डिसकोरिडस पूर्वीय वनस्पति-विज्ञानबाट धेरै प्रभावित भएका थिए । रोमनहरूले पनि पूर्वीय जडीबुटीहरूमा धेरै रुचि राखेका थिए । बुद्धकालमा जडीबुटी ज्ञानको अझ बढी विकास भएको थियो ।

हिमवत्खण्ड (किराँत, मगरात, जडान र खसान प्रदेश) ले साहित्य, कला, संस्कृति, ज्ञान विज्ञान र वनस्पति क्षेत्रमा परापूर्वकालदेखि दिइआएको योगदान सर्वविदित छ । ऋषिमुनिको बासस्थानको रुपमा रहेको यस हिमवत्खण्डमा तिनीहरूले यहाँका वनस्पतिहरूको मनज्ञ सदुपयोग गरेको पाइन्छ । आयुर्वेद शास्त्रमा वर्णन गरिएको औषधि, जडीबुटीहरूका लागि हाम्रो देश नेपाल प्राचीनकालदेखि ज्यादै प्रसिद्ध रहिआएको छ । आयुर्वेद शास्त्रमा उल्लेख भएका जडीबुटीहरू हाम्रो उच्च पहाडी भागमा पाइने जडीबुटी आज पनि त्यस्तै रुप गुणले भरिपूर्ण छन् ।

हाम्रो देशमा पाइने जडीबुटीहरूको जुन महत्व छ, तर त्यसको जानकारीमा कम छ । मृगले आफ्नो बिनामा भएको कस्तुरीको अनभिज्ञताले जसरी मृग भौतारिने गर्छ, हामी पनि त्यस्तै भएको अवस्थामा जडीबुटीहरूको पहिचान, प्रशोधन र प्रवर्द्धनलाई आत्मसात गर्दै आज वनस्पति विभाग वनस्पति सम्पदा र जडीबुटीहरूको अध्ययन, अनुसन्धान एवम् सदुपयोग गर्ने मूल उद्देश्य बोकेर वनस्पति स्रोतहरूको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । साथै वनस्पतिमा निहित एन्टिमाइक्रोवियल क्षमताको अध्ययन अनुसन्धानको क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ । त्यसको लागि प्रयोगशालाको सुदृढीकरणका लागि बायोसेफ्टी क्याबिनेटहरू जस्ता उपकरणहरूको थप जडान गरी वनस्पतिमा रहेका औषधिजन्य क्षमताको अनुसन्धान कार्यलाई तीव्रता दिइराखेकोछ । यसको साथै जडीबुटीहरूको दिगो सदुपयोग एवम् प्रवर्द्धनका लागि यस विभागले अग्रणी भूमिका निर्वाह गरेको छ । यसै श्रृंखलाको कडिको रुपमा यस वनस्पति विभागले जानकारीमूलक 'वनस्पति स्रोत' नामक समाचार पत्रको प्रकाशन बीस वर्षदेखि गर्दै आएको छ । यही लर्कनको नयाँ पाइलाको रुपमा यस अंकलाई पाठक सामु पस्कन गइरहेका छौं ।

अध्यक्षतामा रहेको नेपाल वातावरण संरक्षण परिषद्को सदस्य रहनु भएको छ । वनस्पति पुरस्कार २०७३ द्वारा सम्मानित प्रा.डा. प्रमोद कुमार झालाई बधाई छ ।

## बढुवा नियुक्ति र पदस्थापना



नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७३/१२/२९ को निर्णयानुसार नेपाल वन सेवा, वोटानी समूह रा.प्र. प्रथम (प्रा.), सह–सचिवको पदमा श्री रोज श्रेष्ठज्यू मिति २०७३/११/०४ देखि जेष्ठता कायम हुने गरी बढुवा हुनु भएको छ । हर्वेरियम व्यवस्थापन, वनस्पति उद्यान व्यवस्थापन, सुनाखरी संरक्षण व्यवस्थापन, जडीबुटी संरक्षण व्यवस्थापन तथा प्रवर्द्धनको लामो कार्य अनुभव लिनु भएका उहाँको सेवाकाल सदैव नेपाल, नेपाली र नेपाल सरकार प्रति प्रतिवद्ध रहने छ । वन तथा भू-संरक्षण मन्त्रालयमा सह सचिवको पदमा पदस्थापन हुनु भएका श्री रोज श्रेष्ठज्यूलाई बधाई दिनुका साथै उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

## बायोडाइभर्सिटी शाखा

**Global Taxonomic Initiative (GTI) Program for Supporting the Universities**

आर्थिक वर्ष २०७३/०७४ का लागि वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम अन्तर्गत वनस्पति विभागको स्वीकृत कार्यक्रम Global Taxonomic Initiative For Supporting the Universities अन्तर्गतको कार्य सम्पन्न भएको छ । २०७४ जेठ २९ गते सोमबारका दिन वनस्पति विभागका महानिर्देशक डा.अखिलेश्वर लाल कर्णज्यूको अध्यक्षतामा वनस्पति विभागका उपमहानिर्देशक, त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू, वनस्पति विभाग अन्तर्गतका कार्यालय प्रमुखहरू तथा शाखा प्रमुखहरू र अन्य कर्मचारीहरूको उपस्थितिमा अनुसन्धान कार्यको प्रस्तुतिका साथै बाँकी रकम जनही रू. ७,५००/- अनुसन्धानकर्तालाई प्रदान गरियो ।

## तालिम शाखा

- वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम अन्तर्गत मिति २०७४/२/१६ गतेदेखि जम्मा पाँच दिने Training of Trainer (TOT) विषयका तालिम कार्यक्रम विभागको सुनाखरी हलमा विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूको अध्यक्षतामा सञ्चालन गरियो । स.ता.अ. सरोजा अधिकारीको संयोजकत्वमा संचालित तालिममा जम्मा (८ पुरुष तथा २ महिला) दश जानाको सहभागिता रहेको थियो । तालिम दिने श्रोत व्यक्ति उत्पादन गर्ने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको थियो । श्रोत व्यक्ति बन्नको लागि उपयोगी विषयहरूमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । तालिम कार्यक्रममा महानिर्देशक तथा उप महानिर्देशकहरूले विभिन्न विषयको जानकारी दिनुका साथै श्रोत व्यक्ति लालित प्रसाद कट्टेलज्यूले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रमको अन्तिम दिन निमित्त महानिर्देशक श्री सन्जीव कुमार राईज्यूले सहभागीहरूलाई प्रमाण प्त्र वितरण गरी तालिमको उपयोगिताबारे प्रकाश पार्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।
- मिति २०७४/२/२३ गते वनस्पति विभागको सुनाखरी हलमा CITES सम्बन्धी एकदिने राष्ट्रिय सचेतना गोष्ठी कार्यक्रम संचालन गरियो । गोष्ठीमा विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूको अध्यक्षतामा, वन तथा भू-संरक्षण मन्त्रालयका सचिव प्रकाश माथेमाज्यूको प्रमुख आतिथ्यमा, वन तथा भू-संरक्षण मन्त्रालयका महाशाखा प्रमुखहरू, विभागका उपमहानिर्देशकज्यूहरू, विभागका तथा विभिन्न निकायहरूबाट गरेर जम्मा ५३ जनाको सहभागिता रहेको थियो । श्रोत व्यक्तिहरू डा. निर्मला जोशीले

"Role of Scientific Authority in the implementation of CITES" विषयमा, डम्बर बहादुर भण्डारीले Role of Scientific Management Authority in the implementation of CITES विषयमा, मनोज वाग्लेले Issues related with leagal cases and seizures of CITES listed plant in Trade, विषयमा र डा. महेश्वर ढकालले "CITES implementation in Nepal, Legal aspects, gaps and way forward" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत चारवटा कार्यपत्र माथि छलफल र अन्तरक्रिया पनि गरिएको थियो ।

- मिति २०७४/२/३१ गतेदेखि ३ दिने ISO : 172025:2005 अन्तर्गत Estimation of measurement uncertainty विषयको तालिम विभागको सुनाखरी हलमा विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूको अध्यक्षतामा संचालन गरियो । तालिम कार्यक्रममा प्रशिक्षक शैलेश कुमार झाज्यूले प्रशिक्षण दिनुभएको थियो । प्रयोगशालाई ISO : 172025:2005 Standard अनुसार Accreditation गराउने सिलसिलामा कार्यरत कर्मचारीहरूलाई काम गर्ने क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको थियो । उक्त तालिममा १५ जना विभागबाट तथा १ जना वन अनुसन्धान तथा सर्वेक्षण विभागबाट गरी जम्मा १६ जना कर्मचारीको सहभागिता रहेको थियो । तालिमको अन्तिम दिन सहभागीहरूलाई नि. महानिर्देशक श्री सन्जीव कुमार राईज्यूले प्रमाण पत्र वितरण गर्नुभएको थियो । तालिमको संयोजन बैज्ञानिक अधिकृत श्री शशिकला मानन्धरले गर्नुभएको थियो ।
- विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूको अध्यक्षतामा मिति २०७४/०२/१८ गतेदेखि ३ दिने Experimental Design and Data Analysis in Plant Sciences विषयमा तालिमको शुभारम्भ गरियो । २० गतेसम्म संचालन भएको तालिम कार्यक्रममा जम्मा १३ जनाको सहभागिता रहेको थियो । तालिम कार्यक्रममा १ दिनको फिल्डवर्क गोदावरीमा सम्पन्न गरिएको थियो । तालिमका श्रोत व्यक्तिहरू विभागका उपमहानिर्देशक सन्जीव कुमार राईज्यू तथा ज्योती प्रसाद गजुरेल हुनुहुन्थ्यो । प्राक्टिकल वर्क धेरै भएको ३ दिने तालिममा छलफल र अन्तरक्रिया पनि गरिएको थियो । तालिमको समापनमा विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूद्वारा सहभागीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो ।
- नेपाल व्यापार एकीकृत रणनीति (वन कार्यक्रम अन्तर्गत) Workshop on Environment Safety and Hazard Management विषयको १ दिने तालिम कार्यक्रम मिति २०७४/२/२३ गते विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूको अध्यक्षतामा विभागको गुराँस हलमा आयोजना गरियो । ३ जना श्रोत व्यक्तिहरू युवराज भट्टले Environment Safety and Hazard Management विषयमा, माधवराज विष्टले Occupational Safety and Health विषयमा र डा. कान्ति श्रेष्ठले Chemical Handling and safety management in the lab विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रत्येक कार्यपत्रको प्रस्तुतिपछि छलफल र अन्तरक्रिया पनि गरिएको थियो । तालिम कार्यक्रममा जम्मा ३० जनाको सहभागिता रहेको थियो ।

## एक नगर एक उद्यान कार्यक्रम सम्पन्न

वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम अन्तर्गत व्यवस्था तथा विस्तार शाखाको कार्य जिम्मेवारीमा रहेको एक नगर एक उद्यान कार्यक्रम भानु जन्मस्थल विकास समिति, चुँदी रम्घा, तनहुँको कार्यालय परिसरमा सुसम्पन्न भएको छ । भानु जन्मस्थल विकास समिति आफैमा साहित्यिक पर्यटकीय महत्व रहेको स्थान हो । जहाँ करिब २१,००० वर्ग फिट क्षेत्रफलमा उद्यान निर्माण गरिएको छ । उद्यानको लागि बाटो, क्यारी तथा चौतारा निर्माण जस्ता भौतिक संरचना निर्माणका कार्यहरू भानु जन्मस्थल विकास समितिमार्फत गरिएको छ भने हेज



तथा शोभनीय खालका विरुवाहरूको रोपण कार्य वनस्पति विभागबाट सम्पन्न भएको छ । उद्यानमा २७ प्रजातिका (डुरेन्टा, अशोका, युका धुपी, बोधिचित, रुद्राक्ष, साइकस, गुलाफ, पाम, लिची, आँप लगायत) २०,००० बेर्ना रोपण भएको छ । रमणीय स्थलको रुपमा विकास गरी हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले एक नगर एक उद्यान कार्यक्रममा उद्यान निर्माण कार्यमा वनस्पति विभागले प्राविधिक सहयोग गर्ने र उद्यानको संरक्षण, सम्बर्द्धन कार्य समितिले गर्ने निर्णय भए मुताविक कार्यक्रम सम्पन्न भएको छ ।

## भारतको लखनऊमा भएको MAPs सम्बन्धी तालिम

मिति २०७४/०३/२५ गतेदेखि मिति २०७४/०४/०२ सम्म भारतको लखनऊस्थित सिएसआइआर सिम्याप (C.S.I.R.-C.I.M.A.P.) मा Cultivation, Processing and Marketing of Economically important Medicinal and Aromatic Plants विषयमा July 10-16 सम्म सञ्चालित तालिममा वनस्पति विभाग, वन तथा भू-संरक्षण मन्त्रालय र अर्थ मन्त्रालयका गरी १० जनाको टोली सहभागी भएको छ । तालिममा लेमनग्रास, सिट्रोनेला, पामारोजा, मेन्था, तितेपाती, गुलाफ, सतावरी, खसखस, रोजमेरी, जिरानीयम, सर्पगन्धा, भूँइअमला, कालमेघ, घ्यूकुमारी, जस्ता जडीबुटी तथा सुगन्धित वनस्पतिहरूको खेती प्रविधि, प्रशोधन, बजारीकरण तथा उत्पादनबारे सैद्धान्तिक तथा प्रयोगात्मक जानकारी प्राप्त भयो । तालिमको क्रममा विभिन्न प्रयोगशालाहरूको अवलोकन गर्ने कार्य भयो र विभिन्न MAPs को बारेमा प्रशिक्षण, छलफल तथा अनुभव आदान प्रदान भयो । तालिमको अन्तिम दिन सहभागीहरूलाई प्रमाणपत्र वितरण हुनुका साथै सहभागीहरूको तर्फबाट टोली नेता उपमहानिर्देशक श्री सन्जीव कुमार राईबाट vote of thanks दिने काम भयो । तालिममा जडीबुटी तथा सुगन्धित वनस्पतिहरूको खेती प्रविधि, प्रशोधन, बजारीकरण सम्बन्धमा भारतमा भए गरेका प्रयास तथा उपलब्धीहरूको अनुशरण नेपालमा अनुकरणीय देखिन्छ । तालिमबाट भएका सिकाइहरूलाई व्यवहारगत उपयोग गर्नसके वनस्पति विभाग तथा अन्य संगठनहरूले गरेका अध्ययन, अनुसन्धान तथा उत्पादन कार्यहरूलाई एकीकृत गर्दै समन्वयात्मक तरिकाले धेरै अगाडि बढ्न सकिन्छ ।



## Team Building Workshop

वनस्पति विभागका योजना अधिकृत श्री संगीता स्वाँरको संयोजकत्वमा दुई दिने Team Building workshop सम्पन्न गरियो । ओशो तपोवनका स्वामी आनन्द अरहतले टिम विल्डिङ र तनाव व्यवस्थापन सम्बन्धी प्रवचन तथा स्वामी आनन्द अरुणबाट ध्यानको बारेमा प्रस्तुति गर्नुभएको थियो । उप-महानिर्देशक श्री सन्जीव कुमार राईज्यूले विभागका सम्पूर्ण सहभागी कर्मचारीहरुको यस ओशो तपोवनको दुई दिने ध्यान तथा प्रवचनले कार्य क्षमतामा आवश्यक सहयोग हुने बताउनु भयो साथै सम्पूर्ण सहभागीहरुलाई सक्रिय सहभागिता तथा ओशो तपोवनका स्वामीद्वयलाई पनि ध्यान तथा प्रवचनको लागि धन्यवाद ज्ञापन गर्नुभयो । समापन सत्रका सभापति तथा विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूले संस्थागत परिवर्तनका लागि Team Building का साथ कार्य गर्ने भावनाको विकासबाट गुणस्तरीय कार्य हुन सक्ने कुराको जानकारी गराउनु भयो । साथै सहभागीहरू, ओशो तपोवनका स्वामी आनन्द अरुण तथा स्वामी आनन्द अरहत र आयोजक शाखा समेतलाई धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन भएको घोषणा गर्नुभयो ।

## प्राकृतिक सम्पदा अनुसन्धानशाला

- आ.व. २०७३/७४ को तेस्रो चौमासिकमा यस कार्यालयबाट ४२० वटा नमूनाको विश्लेषण, प्रमाणिकरण तथा सिफारिस विभिन्न व्यक्ति तथा संघ संख्यालाई प्रदान गरियो । यस अनुसन्धानशालाबाट टिमूरको Quality Standard तयारीका साथै प्रयोगशालाको ISO 17025 को Internal audit को कार्य सम्पन्न गरियो । अनुसन्धानशालासंग सम्बन्धित विवरण एवं सूचनाहरू संप्रेशण तथा प्रसारण गर्न कार्यालयको वेबसाइट www.nprl.gov.np संचानलमा ल्याइएको छ ।

## राष्ट्रिय वनस्पति उद्यान गोदावरी

- Plant Conservation Day (May 18) कार्यक्रम अन्तर्गत अन्तर आधारभूत विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता तथा वृक्षारोपण कार्यक्रम राष्ट्रिय वनस्पति उद्यानको आयोजनामा मिति २०७४/०२/०४ गते गोदावरी, ललितपुरमा सम्पन्न भएको थियो । नौ विद्यालयबाट एक छात्रा र एक छात्र गरी १८ जना विद्यार्थीहरू सहभागी रहेको हाजिरीजवाफ प्रतियोगिताको विषय "जैविक विविधता तथा शैक्षिक उद्यान" सम्बन्धी रहेको थियो । कार्यक्रमको समापनसत्रमा प्रमुख अतिथि वनस्पति विभागका उपमहानिर्देशक श्री ज्योति जोशी भट्टज्यू, विशेष अतिथि वन तथा भू-संरक्षण मन्त्रालयका सहसचिव श्री रोज श्रेष्ठज्यू तथा वनस्पति विभागबाट पाल्नुभएका अन्य अतिथिहरूको उपस्थिति रहेको थियो । वृक्षारोपण कार्यक्रम तथा अतिथिहरूको वनस्पति संरक्षण सम्बन्धी मन्तव्य साथै उत्कृष्ट चार जना विद्यार्थीलाई नगद पुरस्कार तथा प्रमाण-पत्र वितरण गरिएको थियो । अन्त्यमा उक्त कार्यक्रमका सभापति श्री दिपक लामिछानेज्यूद्वारा Plant Conservation Day को इतिहास तथा औचित्यमा प्रकाश पार्नु भई कार्यक्रमको समापन भएको थियो ।
- चालु आ.व. ०७३/७४ को श्रावण १ गतेदेखि जेठ मसान्तसम्म ८,५७,५९८ जना नेपाली नागरिक तथा ३,६४० जना सार्क तथा विदेशी नागरिकहरुले राष्ट्रिय वनस्पति उद्यानको अवलोकन गरेका छन् ।

## राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला



- वन तथा भू-संरक्षण मन्त्रालयका राज्यमन्त्री मा. दीर्घराज भाटबाट मिति २०७४/०२/१९ गतेका दिन राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाको निरीक्षण तथा अनुगमन भ्रमण भएको थियो ।
- मे २२, २०१७ मा अन्तर्राष्ट्रिय जैविक विविधता दिवस मनाउने सिलसिलामा यस प्रयोगशालामा स्थानीय विद्यालयका विज्ञान शिक्षकहरूलाई "हर्वेरियम संकलन र व्यवस्थापन" सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरियो । सो अवसरमा वरिष्ठ वनस्पति विज्ञ डा. तिर्थ बहादुर श्रेष्ठ र यस प्रयोगशालाका प्रमुख रमेश बस्नेतले प्रशिक्षण दिनुभएको थियो ।

## सरुवा/बढुवा/नयाँ नियुक्त

| क्र.सं. | कर्मचारी नाम, थर | पद/श्रेणी | सेवा/समूह | निर्णय मिति | साविकको कार्यालय | सरुवा/पदस्थापना भएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सवरी राजबहाक | वैज्ञानिक अधिकृत | वन, वोटानी | २०७४/१/२६ | | वनस्पति विभाग | बढुवा भै पदस्थापना |
| २. | देवी प्रसाद भण्डारी | बरिष्ठ अनुसन्धान अधिकृत | इन्जि, केमेष्ट्री | २०७३/१२/२९ | | प्राकृतिक सम्पदा अनुसन्धानशाला | बढुवा भै पदस्थापना |
| ३. | सरोजा अधिकारी | वैज्ञानिक अधिकृत | वन, वोटानी | २०७४/२/२२ | | वनस्पति विभाग | बढुवा भै पदस्थापना |
| ४. | लक्ष्मण झा | वैज्ञानिक अधिकृत | वन, वोटानी | २०७४/२/२२ | वनस्पति विभाग | जिल्ला वनस्पति कार्यालय, कैलाली | बढुवा भै पदस्थापना |
| ५. | शिशिर पन्थी | वैज्ञानिक अधिकृत | वन, वोटानी | २०७४/४/५ | | | बढुवा |
| ६. | प्रदिपिका आचार्य | सहायक अनुसन्धान अधिकृत | इन्जि, केमेष्ट्री | २०७४/२/१२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, इटहरी | प्राकृतिक सम्पदा अनुसन्धानशाला | सरुवा |
| ७. | गंगा रिजाल | वनस्पति सहायक | वन, वोटानी | २०७४/२/१४ | प्राकृतिक सम्पदा अनुसन्धानशाला | वनस्पति विभाग | बढुवा भै पदस्थापना |
| ८. | मेघनाथ पोखरेल | नायब सुब्बा | प्रशासन, सा.प्र. | २०७४/२/१६ | | वनस्पति विभाग | सरुवा |
| ९. | विवश नेपाली | नायब सुब्बा | प्रशासन, सा.प्र. | २०७४/३/१३ | वनस्पति विभाग | लोक सेवा आयोग | सरुवा |

## अवकाश/राजिनामा

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | सेवा/समूह | अवकाश/राजिनामा मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री रघुनाथ फुयाल | शाखा अधिकृत, रा.प.तृतीय | प्रशासन, सा.प्र. | २०७४/३/१९ | |

- वरियताक्रममा स्तरोन्नति : Index Herbariorum (IH) को सदस्य यस KATH Herbarium अन्तर्राष्ट्रिय स्तरको मूल्याङ्कनमा एक मत थप भई कूल २ मत प्राप्त गरी वरियता क्रममा स्तर उन्नति भएको छ। सो प्रतिवेदन TAXON 65(6). December 2016:1449-1454 मा Institutional Votes at the XIX International Botanical Congress, Schenzhen, 2017: Report of the Special Committee on Institutional Votes शीर्षकमा प्रकाशित छ। सोको Online संस्करण https://doi.org/10.12705/656.33 मा समेत उपलब्ध छ।

- **New To KATH :** सुनाखरी (अर्किड) परिवारका ३ प्रजातिका हर्वेरियमका नमूनाहरू राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा पहिलो चोटी समावेश भएका छन्। जसको विवरण निम्नानुसार छ।
  - ***Dendrobium macrostachyum*** Lindl.
    Pokharathok-9, Arghakhanchi District, 900m, 2074.02.07, *Bhakta Bahadur Raskoti* 00117.
  - ***Herminium pusilum*** Ohwi & Fukuyama
    Cholang, Rasuwa District, 3700m, *Bhakta Bahadur Raskoti* 00217.
  - ***Nerrilia gammieana*** (Hook.f.) Pfitzer
    Pokharathok-9 Arghakhanchi District, 900m, 2074.02.07, *Bahakta Bahadur Raskoti* 00788.

## जिल्ला वनस्पति कार्यालय, इलाम

- मिति २०७३/१२/२४ - २६ सम्म, २०७३/१२/२७-२९ सम्म, २०७४/१/३-५ सम्म जम्मा ३ दिन आदिवासी, महिला र विपन्न समुदायका जम्मा १५ जनाको सहभागितामा क्रमश सन्दकपुर गाउँपालिका वडा नं. ४, २ र ३ मा आयमूलक जडीबुटी खेती तालिम कार्यक्रम सम्पन्न गरियो।

- मिति २०७४/१/९ देखि २०७४/१/१३ सम्म जम्मा ५ दिन स्थानीय आदिवासी, महिला र विपन्न समुदायका जम्मा २० जनाको सहभागितामा सन्दकपुर गाउँपालिका वडा नं. ३ मा आयमूलक जडीबुटी खेती सम्बन्धी प्रसारण तथा भण्डारण तालिम कार्यक्रम सम्पन्न गरियो।

- दुवै तालिम कार्यक्रममा जडीबुटी क्षेत्रमा लामो अनुभव बटुल्नु भएका प्रशिक्षकद्वय युवराज पौडेल र ओम बहादुर गुरुङले तालिमको सहजीकरण गर्नुभएको थियो।

## जिल्ला वनस्पति कार्यालय, धनुषा



- यस कार्यालयको आ.व. ०७३/७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जडीबुटी विकास कार्यक्रम अन्तर्गत १ दिने पकेट क्षेत्रका सामुदायिक, सार्वजनिक, कृषि वन समूहका जडीबुटी उद्यमी, सहकारी सदस्य र सम्बन्धित सरोकारवालाहरूलाई जडीबुटी तथा आयमूलक खेती र वन उद्यम सम्बन्धी अवलोकन भ्रमण मिति २०७३ चैत १७ गते संचालन गरियो। उक्त भ्रमणमा जडीबुटी खेतीमा आबद्ध, इच्छुक तथा नयाँ गठित समूह क्लस्टर अन्तर्गतका कृषकहरूलाई पतञ्जली आयुर्वेद प्रा.लि. पकडियामा क्यामोमाइल, लेमनग्रास, सिट्रोनेला र मेन्थाको खेती, प्रशोधन प्लान्ट र विधिको अवलोकन गराई सुगन्धित तेलको बजारबारे विस्तृत जानकारी गराइयो भने मकवानपुरमा वृन्दावन वनस्पति उद्यानको भ्रमण गराइयो। जम्मा ४९ जनाको सहभागिता रहेको सो भ्रमणमा २२ महिला, २७ पुरुष, ४८ मधेशी, ९ दलित र ७ मुस्लिम समावेश थिए।

- **महानिर्देशकज्यूको धनुषा भ्रमण :** मिति २०७४/१/७ र ८ गते वनस्पति विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूबाट जि.व.का., धनुषाबाट संचालित कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण भयो। सो अवसरमा धनुषाधामस्थित ऐतिहासिक धनुष मन्दिरको प्राङ्गणमा बेलको वृक्षारोपण गरी 'एक नगर एक उद्यान' कार्यक्रमको शुभारम्भ भयो। उक्त कार्यक्रममा स्थानीय भद्रभलादमीहरू, राजनीतिक प्रतिनिधिहरू, स्थानीय सुरक्षा निकायका प्रमुखहरू साथै मन्दिरका पूजारीको उपस्थिति रहेको थियो। महानिर्देशकज्यूले भावी दिनमा धनुषाधाम वनस्पति उद्यान प्रादेशिक उद्यानको रुपमा विकास हुन सक्ने हुँदा अबका दिनमा यस्ता कामलाई प्राथमिकता दिनुपर्ने तथा यसको सम्बर्द्धनको लागि स्थानीयहरूले नै विशेष ध्यानाकर्षण गर्नुपर्ने बताउनुभयो।

- जडीबुटी विकास कार्यक्रम अन्तर्गत जडीबुटीको दीगो संरक्षण तथा संकलन सम्बन्धी फिल्डस्तरमा संकलनकर्ताहरूसँग अन्तरक्रिया गोष्ठी श्रीमान् महानिर्देशकज्यूको प्रमुख आतिथ्यमा ०७४/१/७ गते जि.व.का. धनुषामा संचालन गरियो। समाजसेवी पवन सिंघानिया र सामाजिक अभियन्ता रामआशीष यादव विशिष्ट अतिथि रहनुभएको उक्त कार्यक्रममा जिल्ला वनस्पति, वन र भू-संरक्षण तीनवटै कार्यालयका प्रमुखज्यूहरू, कर्मचारीहरू, जलाध साझेदारी वनका प्रतिनिधि र जडीबुटी कृषकहरूको सहभागिता रहेको थियो।

- जडीबुटी विकास कार्यक्रम अन्तर्गत विद्यालयमा जडीबुटी सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्न जिल्लाभित्रका ४ वटा सामुदायिक विद्यालय (श्री धनुष जनता उ.मा.वि., धनुषाधाम, श्री राम जानकी मा.वि., झिटकहिया, श्री जगरुप साह रामसागर साह मा.वि., परशुराम तलाउ र श्री गंगा प्रसाद मा.वि., ठेरा) का विद्यार्थीहरू तथा १-१ जना अध्यापक समेतलाई मिति २०७४/२/६ गते वनस्पति उद्यान धनुषाधाममा अवलोकन भ्रमण गराइयो। जडीबुटी सम्बन्धी विद्यार्थीहरूमा जनचेतना बिस्तार गर्ने उद्देश्यले शैक्षिक वाटिकामा व्यवस्थित गरिएका ८० प्रजातिका जडीबुटीहरूको अवलोकन गराइयो। साथै उद्यानभित्र इथ्नोबोटानिकल उद्यान, धार्मिक उद्यान, गुलाब उद्यान, अर्बोरेटम, चुरे प्रदर्शनी स्थल लगायत जडीबुटी नर्सरीको अवलोकन गराइयो भने विद्यार्थीहरूलाई नर्सरीबाट जडीबुटीका विरुवाहरू उपलब्ध गराइयो। उक्त कार्यक्रममा ४७ जनाको सहभागिता रहेको थियो जसमा १० महिला, ३७ पुरुष, ४५ मधेशी, ९ दलित र ५ मुस्लिम समावेश थिए।

## जिल्ला वनस्पति कार्यालय, मकवानपुर

- **मकवानपुर जिल्लामा कलवलको अवस्था :** जि.व.का., मकवानपुरका वनस्पति अधिकृत नरहरी चापागाँई र स.व.अ. राजेश तामाङले मिति २०६४ बैशाख ८ देखि ११ गतेसम्म विभिन्न क्षेत्रका वनस्पतिहरूको सर्वेक्षण, हर्वेरियम संकलन तथा अध्ययन गर्ने क्रममा मकवानपुर जिल्लाको पूर्वी चुरे क्षेत्रमा पर्ने वाग्मती गाउँपालिकाको फापरवारी नजिकै रहेको काली बेतघारी सामुदायिक वनमा कलवल (*Cycas pectinata*) निकै ठूलो संख्यामा पाइएको छ। कलवललाई स्थानीयहरूले जकर, जगर, थाकल आदि नामले पनि चिन्ने गर्दछन्। करिव ९.३२ हेक्टर क्षेत्रमा १३६ वटा कलवलका साना तथा ठूला बोटहरू पाइएको छ। त्यसैगरी शिखरपुरको विभिन्न सामुदायिक वनमा पनि केही मात्रामा कलवलको विरुवा पाइएको छ। कलवलको पात हेर्दा उन्यू प्रजातिको जस्तो देखिने र टुप्पोमा अलि तिखो काँडा हुन्छ।

# रातो च्याउ (अर्थात् ग्यानोडर्मा ल्युसिडम) को उपयोगिता

- राजेन्द्र आचार्य
राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला (KATH), गोदावरी, ललितपुर (नेपाल)
E-mail: acharya.raj2010@gmail.com

## परिचय

च्याउ अन्तर्गत ग्यानोडर्माटेसी (Ganodermataceae) परिवारमा पर्ने ग्यानोडर्मा ल्युसिडम (*Ganoderma lucidum* (Fr.) Karst.) प्रजातिको च्याउको नाम ल्याटिन भाषाका दुई शब्द Ganos + Derma बाट ग्यानोडर्मा बनेको हो। ल्याटिन भाषामा गानोसको अर्थ चम्किलो र डर्माको अर्थ छाला वा मासु हो। त्यस्तै ल्याटिन भाषामा lucidus को अर्थ चमकदार वा शानदार हुन्छ। शरीरलाई स्वस्थ, सुन्दर, सफा, चम्किलो बनाउने हुँदा यसलाई ग्यानोडर्मा भनिएको हो। यसलाई नेपालीमा 'डाढुँ च्याउ', तामाङमा ढिस्यामो, चिनियाँमा लिन्जी, जापानीमा रेइशी, अंग्रेजीमा रेड मसरुम भनिन्छ।


तस्विर १: *Ganoderma lucidum* (Fr.) Karst.


तस्विर २: पोलिथिन व्यागमा राखिएको ग्यानोडर्मा ल्युसिडम प्रजातिको हर्वेरियम नमुना

केहि प्रकाशित लेखहरू (Dr. Li Shin – Chen) का अनुसार Ganoderma का प्रजातिहरूलाई डाँठ भएको र नभएको (जस्तैः Yellow Ganoderma) आधार मानी रंगको आधारमा छुट्टयाइएको पाइएको छ। जस्तो किः डाँठ भएको ग्यानोडर्माका प्रजातिहरूमा, कालो (Black Ganoderma- *Ganoderma niger*), सेतो (White Ganoderma- *Ganoderma tsugae*), निलो (Blue Ganoderma- *Gaoderma carnosum*), आदि छन्।

ग्यानोडर्मा प्रजातिका च्याउ नेपालको उष्ण प्रदेशदेखि अति शितोष्ण प्रदेशसम्म फैलिएर रहेको छ। नेपालको अधिकांश भू-भाग, तराईदेखि महाभारत श्रृंखलाका विभिन्न वन जङ्गलमा (साल, सल्ला, चिलाउने, कटुस, गुँरास, आदिका जङ्गल), विशेषतः तराईका सिसौ र खयरका वन जङ्गलका अलवा खेती गरिएका आँप र अन्य बोटहरूमा पनि प्रशस्त उम्रेको पाइएको छ। संसारमा ग्यानोडर्माका ८० प्रजातिहरू पाइन्छन्। नेपालमा ग्यानोडर्माका ७ वटा प्रजातिहरू (*Ganoderma applanatum, G. carnosum, G. endochroum, G. lucidum, G. tsugae, G. niger* र *G. australe*) अभिलेख (reported) गरिएको छ (Adhikari, 2012; 2014)। ललितपुर, गोदावरीस्थित राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला अन्तर्गत माइकोलाजी शाखामा ग्यानोडर्माका ४ वटा प्रजातिहरू (*Ganoderma lucidum, G. applanatum, G. carnosum* र *G. niger*) को हर्वेरियम नमुना संरक्षित (preservation) गरी राखिएका छन्। नेपालमा हालसम्म यसको व्यवसायिक रुपमा त्यति वृहत रुपमा खेती गर्ने प्रचलनको शुरुवात नगरिएकोले प्रायजसो प्राकृतिक अवस्थामा उम्रिएका/पाइने वनजङ्गल, डाडाँकाडा, वारी, पाखा पखेरा, आदि क्षेत्रहरूबाट संकलन गरी बेचविखन गरेको पाइन्छ।

## उपयोगिता

चीन, जापान र अन्य एशियाली देशहरूमा स्वास्थ्य र दिर्घायु प्रवर्द्धनका लागि ग्यानोडर्मा ल्युसिडम प्रजातिको च्याउको प्रयोग गरिएको सम्बन्धमा लामो इतिहास रहेको पाइन्छ। हजारौं वर्ष अघिदेखि चीनमा यसको उपयोग औषधिको रुपमा गरिएको देखिन्छ। सबैभन्दा पहिले चीनको ग्रेटवाल निर्माणको बेला त्यहाँका कामदारले यसको उपयोग गर्ने गरेको विश्वास गरिन्छ। अन्य च्याउ जस्तो तरकारीको रुपमा यसलाई खाने गरेको पाइँदैन। परम्परागत तरिकाले औषधिको रुपमा यसको धुलो बनाएर तातो पानीसँग अथवा चियासँग मिलाएर खाने गरेको पाइन्छ। विशेष गरी विभिन्न रोगको उपचारको लागि औषधि बनाउनमा यसको प्रयोग गरिन्छ। रातो च्याउलाई 'Universal medicine for all diseases' (Dr. Yuloo Naoi), 'The miraculous king of herbs' (Dr. Lim Siow Jin) भन्दछन् किनकि यो धेरै रोगको निदानको लागि उपयोगमा आउँछ। यसलाई रोगको औषधियुक्त च्याउ भनेर भन्ने गरेको पनि पाइन्छ किनकि यसले रोग कम गर्ने काम मात्र गर्छ जस्तो कि उच्च रक्तचाप, मधुमेह, एलर्जी, मुटुको रोग; हात, खुट्टा, जिउ दुख्ने भएमा दुखाई कम गर्ने, आदि जस्ता धेरै किसिमका रोगको विरुद्धमा काम गर्दछ। सबैभन्दा राम्रो त क्यान्सर र एच.आई.भि. (HIV) एड्स भएका रोगीहरूलाई धेरै तागत दिन्छ र रोगलाई पनि कम गर्दछ। ग्यानोडर्मामा विभिन्न किसिमका रासायनिक पदार्थहरू जस्तो कि Polysaccharide (Ganodermenonol, Ganodermadiol, Ganodermatriol र Ganoderan), Organic germanium, Adenosine, Ganoderic essence, Triterpenoid, Protein, Fibre, आदि पाइन्छ। चीनमा ग्यानोडर्मालाई कफी, चियासँग मिलाएर पिउने चलन छ। हर्वल प्रोडक्टको रुपमा ग्यानोडर्मा प्रयोग गरी बनाइएका साबुन, स्याम्पु, बडिफोम, टुथपेष्ट, टुथपाउडर, फेसप्याक, आदि बजारमा पाइन्छ। ग्यानोडर्माको प्रयोग औषधिको रुपमा टाउको दुख्ने, कुम दुखेको पिंडा कम गर्ने, ग्यासट्राइटिस, बाथ, कलेजोमा समस्या देखिएमा, खानाबाट लागेको विष (food poison) को विरुद्धमा लगायतका अन्य कतिपय रोगमा समेत औषधिको रुपमा प्रयोग गरिन्छ। यसका अलवा औषधिका रुपमा यसको सेवन गरेमा हुने फाईदाहरू निम्न बमोजिम छन्:

रातो च्याउले उच्च रक्तचाप (systolic and diastolic pressure) भएका विरामीहरूलाई फाईदा पुऱ्याउँछ।

मस्तिष्क, आखाँको रेटिना, मृगौला, मुटु, पाचन प्रणालीका साथै शरीरका विभिन्न अङ्गहरूमा रक्तसंचार राम्रोसँग गराउन सहयोग पुऱ्याउँछ।

हृदयघात, मस्तिष्कघात, यौन दुर्वलता, आखाँको दृष्टि कम हुने, स्मरणशक्ति कम हुने जस्ता समस्याहरूलाई समेत फाईदा पुऱ्याउँछ।

हेपाटाइटिस बि (Hepatitis B) का विरामीलाई (antiviral property का कारण) पनि रातो च्याउले निकै फाईदा पुऱ्याउँछ। क्यान्सरका रोगीको दुखाई कम गर्ने र क्यान्सर फैलन पनि नियन्त्रण गराउँछ (सम्भवतः विभिन्न किसिमका antioxidants हरू पाइने भएकोले)।

रातो च्याउले रक्तनलीबाट कोलेष्ट्रेरोल (cholesterol) घटाउँछ, मृगौलामा रक्तसंचार राम्रो गर्छ साथै साधारण पत्थरलाई खियाएर वा फुटाएर पिसावबाट निकाल्न मद्दत पुऱ्याउँछ।

रातो च्याउ शक्तिवर्द्धक (tonic) मानिन्छ, यसको उपयोगले महिलामा हुन सक्ने स्तन क्यान्सरको सम्भावना कम रहन्छ। साथै पुरुषहरूमा हुन सक्ने प्रोस्टेट क्यान्सरको घरेलु उपचारमा परम्परागत तरिकाले अन्य जडीबुटीहरूसँग मिलाई यसको प्रयोग गर्न सकिने बताइन्छ।

मुखको पोतो, सेतो दुवी, दाद (antifungal property का कारण), आदि समस्यामा पनि रातो च्याउको प्रयोग प्रभावकारी मानिन्छ। रातो च्याउमा विभिन्न किसिमका

antioxidants हरू पाइने भएकोले यसले रोग क्षमता शक्ति बढाउनमा पनि सहयोग पुऱ्याउँदछ ।

निद्रा नलाग्ने समस्या (insomnia) भएका विरामीहरूका लागि सर्पगन्धाको जरा जस्तै रातो च्याउ सबैभन्दा राम्रो औषधि हो ।

यसले छाला चाउरिन दिदैन, यसर्थ निरोगी मानिसले यसको सेवन गरेमा वृद्धावस्थामा पनि यौवनावस्थामा जस्तै तन्दुरुस्त देखिन सकिन्छ । त्यसैले यसलाई अमृत सञ्जीवनी पनि भन्ने गरेको पाइन्छ ।

अन्ततः अन्तर्राष्ट्रिय बजारमा रातो च्याउको माग निकै उच्च रहेकोले र साधारणतया अन्य च्याउभन्दा धेरै मूल्यमा (बजार मूल्यमा उतारचढाव त हुन्छ नै, हाल नेपाली बजारमा प्रतिकिलो करिव १० हजार रुपैयाँसम्ममा यसको बेचविखन हुने गरेको पाइएको छ) बेचविखन हुने भएकोले सरोकारवाला निकायहरूले कृषकहरूमा यसको वृहत खेती प्रविधि सम्बन्धी ज्ञान दिई यसको व्यावसायिक रुपमा खेती गर्नमा प्रोत्साहन गरेमा कृषकहरूको जीविकोपार्जनमा केहि हदसम्म भए पनि टेवा पुऱ्याउन सक्ने देखिन्छ ।

**सन्दर्भ सामाग्रीहरू**


अधिकारी, महेश कुमार (वि.सं. २०६८), रातो च्याउ अर्थात् ग्यानोडर्मा ल्युसिडम । *कृषि सूचना* १(९):१७–१९ ।

श्रेष्ठ, संगिता (वि.सं. २०७३), रातो च्याउ खेती गर्ने तरिका । *कारोवार दैनिक*, भदौ ।

मानन्धर, केशरी लक्ष्मी (वि.सं. २०६९), नेपालमा च्याउ खेती । *हाम्रो सम्पदा* १२(१०):६८–६९ ।

Adhikari, M.K. 2012. *Researches on the Nepalese mycoflora–2: checklist to macrofungi (mushrooms)*. Published by K.S. Adhikari, Kathmandu, Nepal. 90p.

Adhikari, M.K. 2014. *Mushrooms of Nepal*. (Eds. Durrieu, G. and Cotter, H.V.T.). Published by K.S. Adhikari, Kathmandu, Nepal. 340p.

Adhikari, M.K. and Bhattarai, K.R. 2014. *Catalogue of fungi preserved in National Herbarium and Plant Laboratories (KATH), Mycology section, Godawari*. Department of Plant Resources, National Herbarium and Plant Laboratories, Godawari, Lalitpur, Nepal. 107p + Viii photo plate.

Kirk, P.M., Cannon, P.F., Minter, D.W. and Stalpers, J.A. 2008. *Dictionary of the Fungi* (10th ed.). Wallingford: CABI. 272p.

https://examine.com/ganoderma –lucidum/...

https;//www.ncbi.nih.gov/books/NBK 92757/...

https://en.wikipedia.org/..../Ganoderma/... accessed on 6th February 2017




मकवानपुर जिल्लाको फापरवारीमा पाइएको कलवल (*Cycas pectinata*)

यसको भाले र पोथी रुख छुट्टा छुट्टै हुन्छ । स्थानीयहरूले यसको कलिलो पात तरकारी खानका लागि प्रयोग गरेको पाइयो भने छिपिएको पात वस्तुलाई सोतर बनाउने गरेको पाइयो । कलवलको फल टिपेर गुदि खाने गरेको पाइयो । स्थानीय जनताहरूले कलवलको महत्व बुझ्न नसकेका कारणले र अधिक वन विनाशको कारणले गर्दा यसको संख्या दिनानुदिन घट्दै गइरहेको अध्ययनले देखाएको छ । त्यसैले कलवललाई नेपालको दुर्लभ, लोपोन्मुख वनस्पति प्रजातिको रुपमा IUCN ले Vulnerable र साईटिसले दोस्रो अनुसूचीमा राखेको छ । यस क्षेत्रका वासिन्दाहरूलाई कलवलको बारेमा जनचेतना जगाउनको लागि र कलवलको यथास्थानमा संरक्षण गर्नका लागि जिल्ला वन कार्यालय, मकवानपुरले जि.व.का.सँगको सहकार्यमा उक्त सामुदायिक वनका उपभोक्ता समिति अन्तर्गत मिति २०७४/२/२७ गते ७ सदस्यीय कलवल संरक्षण उपसमिति गठन गरी संरक्षण कार्य अघि बढाएको छ ।

➢ तेस्रो चुरे दिवस २०७४ असार २ गते जिल्ला वनस्पति कार्यालय, मकवानपुर अन्तर्गत वृन्दावन वनस्पति उद्यान, हेटौंडामा वृक्षारोपण गरी सम्पन्न भयो । कार्यक्रमको उद्घाटन वन तथा भू–संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमा, चुरे संरक्षण समितिका अध्यक्ष विरेन्द्र यादव र हेटौंडा उपमहानगरपालिका प्रमुख हरिबहादुर महतले संयुक्तरुपमा अगरउडको विरुवा रोपेर गर्नुभएको थियो । सोही अवसरमा वन सचिव श्री प्रकाश माथेमाले वृन्दावन वनस्पति उद्यानमा भएका क्रियाकलापहरूको जानकारी लिनुभएको थियो । उक्त अवसरमा वनस्पतिहरूको अध्ययन अनुसन्धान, संरक्षण र पर्या–पर्यटनमा जोड दिन सुझाव दिनुभएको थियो । कार्यक्रममा सहभागीहरूले अमला, अगरउड, सीता अशोक, ठूलो वेल, सुगन्धकोकिला, रुद्राक्षका गरी १३५ वटा विरुवाहरू ६ वटा ब्लक बनाई रोपण गर्नुभएको थियो । वनस्पतिहरूको वंशाणु संरक्षणको केन्द्रको रुपमा रहेको यस वृन्दावन वनस्पति उद्यान, हेटौंडाले स्थापनाकालदेखि नै चुरे तराई र महाभारत क्षेत्रमा पाइने वनस्पतिहरूको सर्वेक्षण, पहिचान र संरक्षण गर्दै आएको छ । कार्यक्रममा वनस्पति विभागका महानिर्देशक श्री अखिलेश्वरलाल कर्ण तथा अन्य निकायका अधिकारीहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रम राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुरको आयोजनामा जिल्ला वनस्पति कार्यालय, मकवानपुरको सहकार्यमा गरिएको थियो ।

## जिल्ला वनस्पति कार्यालय, बाँके

➢ जि.व.का., बाँकेद्वारा जडीबुटी विकास कार्यक्रम अन्तर्गत बाँके जिल्लाका विभिन्न पाँच विद्यालयहरूमा मिति २०७४/०२/१२, १४, १६, १८ र १९ गते कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी १/१ दिने "जडीबुटी तथा जैविक विविधता" सम्बन्धी अभिमुखिकरण तालिम सम्पन्न भयो । श्री आदर्श मा.वि. नेपालगंज-२६ राँझा, धम्बोजी मा.वि. नेपालगंज-१, ने.रा.मा.वि. भाटनपुर्वा, आधारभूत वि.सल्यानीवाग र मंगल प्रसाद मा.वि. डिएस्पी रोड बाँकेमा संचालित सो कार्यक्रमहरूमा जम्मा २१० (छात्रा-१०९, छात्र-१०१) विद्यार्थी लाभान्वित भएका छन् । उक्त कार्यक्रमहरूमा विद्यार्थीहरूलाई जैविक विविधताको परिचय, महत्व, वर्तमान अवस्था र संरक्षणका उपायहरूका साथै जडीबुटीको परिचय, महत्व र प्रजातिगत विशिष्ट उपयोग बारेमा कक्षा संचालन गरिएको थियो ।

➢ जि.व.का., बाँकेद्वारा वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम अन्तर्गत बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिका वार्ड नं. ९, पुरैना २१ बाँके उ.प.मा र सल्यानीवाग ५ बाँके उ.प.मा २० जना जडीबुटी प्रति इच्छुक महिला छनौट गरी मिति २०७४/१/१० देखि २०७४/१/१२ सम्म प्रति समूह १ दिन गरी ३ दिने जडीबुटी सम्बन्धी सचेतना कार्यक्रम

संचालन गरियो । उक्त तालिममा तराईक्षेत्रमा व्यवसायिक रुपले खेती गर्न सकिने जडीबुटीहरूको जानकारी तिनको उपयोगिता र प्रयोग विधि सम्बन्धमा महिलाहरूलाई सचेतना गराइयो ।

## जिल्ला वनस्पति कार्यालय, कैलाली

- वनस्पति विभागका महानिर्देशक डा. अखिलेश्वरलाल कर्णज्यूबाट जि.व.का., कैलालीले संचालन गरेका क्रियाकलापहरूको अनुगमन तथा निरीक्षण मिति २०७३ चैत्र ९ र १० गते भएको थियो । सो अवसरमा महानिर्देशकज्यूबाट देवरिया वनस्पति उद्यानका महत्वपूर्ण संरचना, नर्सरी लगायत निर्माणाधीन क्रियाकलापहरूको निरीक्षण गर्नुभएको थियो । निरीक्षणको क्रममा कार्यालयले गरेका कामको प्रशंसा गर्नुका साथै वनस्पति उद्यानलाई अझै थप शैक्षिक तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्नुपर्ने सुझाव दिनुभएको थियो । अनुगमन कै क्रममा उद्यानमा स्थापना गरिएको शान्ति स्तम्भको समेत अनावरण गर्नुभएको थियो । अनुगमनमा सु.प. क्षेत्रीय वन निर्देशक श्री सुधीर कुमार कोइरालाको समेत उपस्थिति रहेको थियो । त्यसैगरी वनस्पति विभागका अनुगमन तथा मूल्यांकन अधिकृत श्री राकेश त्रिपाठीको नेतृत्वमा ३ सदस्यीय विभागीय टोली तथा वन तथा भू-संरक्षण मन्त्रालयका सहायक योजना अधिकृत श्री नारायण प्रसाद पोखेलबाट मिति २०७४/०२/२८ देखि ३१ गतेसम्म जिल्ला वनस्पति कार्यालय कैलालीले संचालन गरेका क्रियाकलापहरूको अनुगमन तथा निरीक्षण भएको थियो । सो अनुगमनका क्रमका देवरिया वनस्पति उद्यान, जडीबुटी नर्सरी, बृहत जडीबुटी खेती, कुरिलो खेती, निर्माणाधीन नगर उद्यान, आदिको निरीक्षण भएको थियो । वन तथा भू-संरक्षण मन्त्रालयको अनुगमन तथा मूल्यांकन महाशाखाको बसन्त बाबु श्रेष्ठको नेतृत्वको टोलीले समेत देवरिया वनस्पति उद्यान, जडीबुटी नर्सरी तथा रातोपानी सा.व.उ.स. ओलानीमा गरिएको जडीबुटी खेतीको अनुगमन गर्नु भएको थियो ।



- **चुरेको सफल कार्यक्रमको अवलोकन भ्रमण** : जि.व.का., कैलालीको आयोजनामा चुरे संरक्षण सम्बन्धी सफल कार्यक्रमको अवलोकन भ्रमणका लागि कैलाली जिल्लाबाट १२ जना जडीबुटी कृषकहरूको सहभागितामा जिल्ला वनस्पति कार्यालय बाँके, मकवानपुर, धनुषा, तथा इलाम जिल्लाले संचालन गरेका चुरे संरक्षण र सफल जडीबुटी खेतीका कार्यक्रमहरू मिति २०७३/१२/१९ देखि २०७३/१२/२४ गतेसम्म अवलोकन भ्रमण गरिएको थियो । अवलोकन भ्रमणबाट जडीबुटी कृषकहरूले चुरे संरक्षण तथा जडीबुटी खेतीमा लाग्नका लागि धेरै प्रेरणा मिलेको कुरा सहभागीले व्यक्त गरेका थिए । अवलोकन भ्रमणमा कार्यालयका प्रमुख जीवन पाण्डेको समेत संलग्नता रहेको थियो ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई जडीबुटी तथा वानस्पतिक जैविक विविधता सम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले कैलाली जिल्लाका चार वटा सामुदायिक विद्यालयहरू (भैरब मा.वि., चुरे-२, फूलबारी मा.वि. फूलबारी धनगढी-१९, पञ्चोदय मा.वि. हसनपुर धनगढी, र दुर्गालक्ष्मी मा.वि. अत्तरिया) का कक्षा ९ र १० का विद्यार्थीहरूलाई २०७४ जेष्ठ महिनामा एक एक दिने जडीबुटी सम्बन्धी जन चेतना कार्यक्रम संचालन गरिएको थियो ।

- **देवरिया वनस्पति उद्यान व्यवस्थापन तथा आगन्तुक संख्या** : देवरिया वनस्पति उद्यानमा संरक्षित ५०० भन्दा बढी प्रजातिका वनस्पतिहरू, उत्पादित जडीबुटीका बेर्नाहरू, खेती परिक्षण स्थलहरू, शोभनीय वनस्पतिहरू तथा ल्याण्डस्केपहरूको गोडमेल, सिंचाई तथा स्याहार सम्भार नियमित गरिएको छ । चालु आ.व.को मंसिर महिनासम्मको अवधिमा ५७,९०७ जना आगन्तुकहरूले देवरिया वनस्पति उद्यानको अवलोकन गरेका छन् ।

## जिल्ला वनस्पति कार्यालय, जुम्ला



- "वानस्पतिक विविधता, अमूल्य सम्पदा" नारामा देउडा प्रतियोगिता गरी चैत्र २९ गते ५७ औं वार्षिकोत्सव तथा १८ औं वनस्पति दिवस मनाइयो ।
- जि.व.का., जुम्लाको आयोजनामा सार्वजनिक सुनुवाइ कार्यक्रम जुम्ला जिल्ला गठिचौर गाउँपालिका वडा नं. ५ देपालगाउको धितामा मिति २०७४/०३/११ गते सम्पन्न भएको थिया जसमा ४५ जना सर्वसाधारण, सा.व. र वनस्पति, जडीबुटी समूहका प्रतिनिधिहरू, व्यापारी, जडीबुटी कृषकको संलग्नता रहेको थियो । प्रमुख अतिथि ज्येष्ठ नागरिक श्री प्रयाग दत धिताल तथा अन्य व्यक्तिहरुको उपस्थितिमा मा सम्पन्न भएको थियो ।
- मिति २०७३/१२/१३ मा ३७ जनाको सहभागितामा पटमारा जुम्लामा जडीबुटी दिगो संरक्षण तथा संकलन सम्बन्धी फिल्डस्तरमा संकलनकर्ताहरूसँग अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको थियो ।
- जुम्ला जिल्लाको चन्दननाथ न.पा.को हिमाली जडीबुटी उद्योग तथा गुठिचौर गा.पा.को दिलक फलफूल तथा जडीबुटी नर्सरी मा ३० जना सहभागीद्वारा अवलोकन भ्रमण गरिएको थियो ।
- जुम्लाका ४ वटा विभिन्न विद्यालयहरू श्री सत्यवादी माध्यमिक विद्यालय, दशौदी, जुम्ला, श्री कनकासुन्दरी माध्यमिक विद्यालय, लुडकु, जुम्ला, श्री सरस्वती माध्यमिक विद्यालय, रिनी, जुम्ला, श्री नेत्र ज्योती माध्यमिक विद्यालय, हाकु, जुम्लामा जडीबुटी सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।


### सम्पादक मण्डल

**सल्लाहकारहरू**
**डा. अखिलेश्वर लाल कर्ण**
(महानिर्देशक)
**सन्जीव कुमार राई**
(उप-महानिर्देशक)
**ज्योति जोशी (भट्ट)**
(उप-महानिर्देशक)

**सम्पादन**
**सुधीता बासुकला**
**लक्ष्मण झा**

सम्पर्क
**प्रचार प्रसार तथा डकुमेन्टेसन शाखा**
फोन नं.: ०१ ४२६८२४६, ४२६१९६७
इमेल: info@dpr.gov.np, वेबसाइट: www.dpr.gov.np